मिति २०७९/०८/०८ को वि.व्य.स.को निर्णयबाट पारित

दोस्रो संशोधन २०८२/०७/१३

# संस्थापक श्री लिलाबहादुर कार्की अन्तर मा वि भलिबल रनिङ सिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना:**

विद्यालय विद्यार्थीहरुको चौतर्फी विकासको थलो हो । यसका लागि विद्यालयमा शैक्षिक क्रियाकलापका अतिरिक्त उनीहरुको शारिरीक तथा मानसिक विकास हुने सबै गतिविधिहरु सञ्चालन गर्नु पर्ने हुन्छ । भलिबल खेल हाम्रो देशको राष्ट्रिय खेल हो । यस क्षेत्रका विद्यालयका बालबालिकाहरुको रुची पनि यस खेलमा पर्याप्त रहेको छ । तसर्थ, यो खेलप्रति विद्यार्थीहरुको सीप तथा क्षमता विकास गर्दै भविष्यमा यस खेलका व्यावसायिक खेलाडी उत्पादन गर्दै खेलकुद मार्फत विद्यालयलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय रुपमा परिचित गराउन दक्ष, सक्षम एवम प्रतिस्पर्धी खेलाडी उत्पादन गर्ने महान् उद्देश्यका साथ खेलकुद प्रतियोगितालाई प्रतिस्पर्धी र व्यवस्थित बनाउन विद्यालयका संस्थापक श्री लिला बहादुर कार्कीको नामबाट उहाँहरुको परिवारसमेतको विशेष सक्रियतामा भविष्यमा समेत यो प्रतियोगिता सञ्चालनका लागि विशेष योगदान रहने गरी यो **"संस्थापक श्री लिला बहादुर कार्की अन्तर मावि भलिबल रनिङ सिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९"** तयार पारिएको हो ।

## परिच्छेद १
## प्रारम्भिक

१.१ सङक्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम **"संस्थापक श्री लिला बहादुर कार्की अन्तर मावि भलिबल रनिङ सिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९"** रहने छ ।

ख. यो कार्यविधि विद्यालय व्यवस्थापन समितिले पारित गरेको मितिबाट लागु हुनेछ ।

१.२ परिभाषा र व्याख्या:

क. **"कार्यविधि"** भन्नाले "संस्थापक श्री लिला बहादुर कार्की अन्तर मावि भलिबल रनिङ सिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" लाई सम्झनु पर्दछ ।

ख. **"कोष"** भन्नाले "संस्थापक श्री लिला बहादुर कार्की अन्तर मावि भलिबल रनिङ सिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कोष" मा जम्मा भएको रकमलाई सम्झनु पर्दछ ।

ग. **"विद्यालय"** भन्नाले जिरी माध्यमिक विद्यालय र खेलाडी सहभागी गराउने विद्यालय समेतलाई सम्झनु पर्दछ ।

घ. **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले जिरी माध्यमिक विद्यालयको "विद्यालय व्यवस्थापन समिति" सम्झनु पर्दछ ।

ङ. **"खेलकुद प्रतियोगिता सञ्चालक समिति"** भन्नाले संस्थापक श्री लिला बहादुर कार्की रनिङसिल्ड दोलखा जिल्ला विद्यालयस्तरीय भलिबल प्रतियोगिता सञ्चालनका लागि गठित समितिलाई सम्झनु पर्दछ ।

च. **"प्रतियोगिता"** भन्नाले संस्थापक श्री लिला बहादुर कार्की रनिङसिल्ड दोलखा जिल्ला माध्यमिक विद्यालयस्तरीय भलिबल प्रतियोगितालाई सम्झनु पर्दछ ।

छ. **"प्रायोजक"** भन्नाले खेलकुद प्रतियोगिता सञ्चालन गर्नका लागि आर्थिक व्यवस्थापन गर्ने दातालाई जनाउँछ ।

ज. **"खेलाडी"** भन्नाले भन्नाले माध्यमिक विद्यालयहरुमा अध्ययनरत १८ वर्षमुनिका छात्र/छात्रा खेलाडी सम्झनु पर्दछ ।

झ. **"प्रशिक्षक"** भन्नाले खेलकुद प्रशिक्षणका लागि नियुक्ति गरिएको प्रशिक्षकलाई जनाउँछ ।

ञ. **"निर्णायक"** भन्नाले खेलकुद प्रतियोगिता सञ्चालन गर्दा नियुक्त गरिएका तोकिएको खेलकुद क्षेत्रमा दक्षता प्राप्त व्यक्तिलाई जनाउँछ ।

ट. **"अनुसूची"** भन्नाले कार्यविधिको अनुसूचीलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## उद्देश्य

२.१ यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

क. दोलखा जिल्ला भित्र रहेका माध्यमिक तहमा अध्ययनरत छात्र तथा छात्राहरु सहभागी गराई अन्तर मा.वि. छात्र वा छात्रा भलिबल प्रतियोगिता सञ्चालन गर्ने ।

ख. प्रतियोगितालाई वार्षिक रुपमा नियमित सञ्चालनको व्यवस्थापन गर्ने ।

ग. प्रतियोगिता सञ्चालन गर्न समाजका प्रतिष्ठित व्यक्ति, सरकारी तथा गैरसरकारी निकायका प्रायोजकहरुसँग समन्वय गरी कोषको व्यवस्थापन गर्ने ।

घ. स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने ।

ङ. विद्यालयहरुमा खेलकुद प्रशिक्षकको व्यवस्था गरी खेलकुद क्षेत्रलाई प्रोत्साहन गर्ने ।

## परिच्छेद ३
## भलिबल प्रतियोगिता सञ्चालक समिति

३.१ संस्थापक श्री लिलाबहादुर कार्की अन्तर मावि भलिबल प्रतियोगिता सञ्चालन गर्नका लागि जिरी माध्यमिक विद्यालय जिरीमा देहाय बमोजिमका पदाधिकारी रहने गरी एक सञ्चालक समिति गठन गरिने छ ।

| | | |
|---|---|---|
| क. | जिरी माध्यमिक विद्यालय प्रधानाध्यापक | अध्यक्ष |
| ख. | विद्यालय व्यवस्थापन समितिले तोकेको सदस्य १ जना | सदस्य |
| ग. | भलिबल खेलका निर्णायक १ जना | सदस्य |
| घ. | खेल प्रायोजन गर्ने प्रायोजकहरुले तोकेको प्रतिनिधि १जना | सदस्य |
| ङ. | जिरी नगरपालिका शिक्षा शाखाका प्रमुख वा प्रतिनिधि | सदस्य |
| च. | जिरी नगरपालिका वडा नं ६ का प्रतिनिधि | सदस्य |
| छ. | जिरी माध्यमिक विद्यालयको खेलकुद प्रशिक्षक | सदस्य सचिव |

३.२ अध्यक्षको काम, कर्तव्य र अधिकार :

क. विद्यालयमा खेलकुद प्रतियोगिता सञ्चालनका लागि समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने ।

ख. खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी आयोजना, सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने ।

३.३. सदस्य सचिवको काम कर्तव्य र अधिकार :

क. बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने,

ख. बैठक माईन्युटिङ उठाउने र बैठक संचालन सम्वन्धी आवश्यक काम गर्ने ।

३.४. सदस्यहरुको काम कर्तव्य र अधिकार :

क. समितिको बैठकमा उपस्थित हुने ।

ख. खेलकुद प्रतियोगिताको योजना निर्माण तथा प्रतियोगिता सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने

ग. समितिको निर्णय कार्यान्वयमा सहयोग पुऱ्याउने ।

## परिच्छेद ४

## विद्यालयमा खेलकुद सञ्चालनका लागि स्रोत व्यवस्थापन

४.१. संस्थापक श्री लिला बहादुर कार्की अन्तर मावि भलिबल रनिङ सिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कोषमा देहाय अनुसारको स्रोतहरुबाट कोष व्यवस्थापन गरिने छः

क. विद्यालयका संस्थापक श्री लिला बहादुर कार्की तथा उहाँको परिवारबाट प्रतियोगिता सञ्चालनका लागि प्राप्त हुने सहयोग ।

ख. विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा सहयोगदाता व्यक्तिहरुबाट प्राप्त हुने सहयोग ।

ग. खेलकुद प्रतियोगिता सञ्चालनका लागि अन्य निकायहरुबाट प्राप्त हुने सहयोग ।

## परिच्छेद ५

## विद्यालयमा खेलकुद प्रतियोगिता सञ्चालन प्रकिया

५.१. "संस्थापक श्री लिला बहादुर कार्की अन्तर मावि भलिबल रनिङ सिल्ड प्रतियोगिता सञ्चालन प्रक्रिया देहायबमोजिम हुने छः

क. भलिबल प्रतियोगिता जिरी माध्यमिक विद्यालयको विद्यालय वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा आयोजना हुने छ ।

ख. **दोलखा जिल्लाको ९ वटै स्थानीय तह भित्र रहेका माध्यमिक तह सञ्चालन भएका विद्यालयका छात्रछात्राहरु मध्ये जोडी वर्ष छात्र भलिबल र बिजोडी वर्ष छात्रा भलिबल विद्यालयगत** रुपमा अलग अलग टिमबाट सहभागी हुने गरी यो प्रतियोगिता सञ्चालन हुनेछ ।

ग. प्रतियोगितामा सहभागी खेलाडीहरु कक्षा १२ सम्म नियमित अध्ययनरत १८ वर्ष मुनिका विद्यार्थीहरु हुनुपर्ने छ । जसको गणना गर्दा शैक्षिक वर्षलाई आधार लिइने छ ।

घ. खेलमा प्रथम, द्वितीय र तृतीय स्थानमा बिजेता विद्यालयका छात्र/छात्रा खेलाडीलाई नगद, ट्रफी, मेडल र अनुसूची १ अनुसारको प्रमाण पत्र उपलब्ध गराइने छ ।

ङ. रनिङ सिल्ड विजेता विद्यालयले संस्थापक श्री लिलाबहादुर कार्की अन्तर मावि भलिबल प्रतियोगिता सुरु हुनुभन्दा १ हप्ता अगाडि यस विद्यालयमा बुझाउनु पर्ने छ ।

च. कुनै विद्यालयको छात्र वा छात्रा टिमले लगातार तीन पटक रनिङ सिल्ड बिजेता भएमा उक्त रनिङ सिल्ड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरिने छ । छात्र वा छात्राको खेल फरक वर्षमा सञ्चालन भए तापनि एउटै विद्यालय लगातार विजेता भएमा विजयी वर्षको गणना गरिने छ ।

छ. रनिङ सिल्ड सम्बन्धीको व्यवस्था भलिबल खेल सम्बन्धीको अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियम अनुसार हुनेछ ।

ज. प्रतियोगिता FIVB को नियमानुसार खेलाइने छ ।

झ. रनिङ सिल्ड अनुसूची २ अनुसारको भरपाई गरी विजेता विद्यालयलाई उपलब्ध गराइने छ ।

## परिच्छेद ६

## विविध

६.१. क. यस भलिबल प्रतियोगिता दोलखा जिल्ला भित्रका माध्यमिक विद्यालयहरुमा १२ कक्षासम्म अध्ययनरत १८ वर्षमुनिका IEMIS मा प्रविष्ट छात्रछात्राहरु बिच मात्र सञ्चालन हुने छ ।

ख राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालन गरिएको कक्षा १२ को परीक्षामा सहभागी भएको विद्यार्थी पुन रजिष्ट्रेशन गरी विद्यार्थी रहेमा ती विद्यार्थीहरु खेलमा सहभागी हुन पाउने छैन ।

ग. भलिबल प्रतियोगितामा सहभागी हुने खेलाडीहरुले अनुसूची ३ अनुसारको फाराम भरी विद्यालयको प्रधानाध्यापकबाट प्रमाणित गराइ परिचय खुल्ने प्रमाण संलग्न राखी सहभागी हुनुपर्ने छ ।

घ. भलिबल प्रतियोगितामा विद्यालयले खेलाडी सहभागी गराउँदा अनुसूची ४ अनुसारको फाराम भरी प्रमाणित गराइ सहभागी गराउनुपर्ने छ ।

ग. प्रतियोगितामा सहभागी खेलाडीहरुले जर्सी अनिवार्य रुपमा लगाएको हुनु पर्ने छ ।

घ. प्रतियोगिता सञ्चालन पश्चात खेलकुद कार्यकम सम्पन्नताको प्रतिवेदन प्रायोजकलाई उपलब्ध गराउनु पर्ने छ ।

## अनुसूची-१

### खेलाडीलाई प्रदान गरिने प्रमाण पत्र ढाँचा

परिच्छेद ५ नियम ५.१ घ सँग सम्बन्धित

यस विद्यालयको ..... औं वार्षिकोत्सब तथा अभिभावक दिवसको अवसरमा आयोजित संस्थापक श्री लिलाबहादुर कार्की .........रनिङ सिल्ड दोलखा जिल्ला विद्यालयस्तरीय भलिबल प्रतियोगितामा तपाइँ श्री ....................... ..............................................ले /विद्यालयले छात्र/छात्रा तर्फ ............... स्थान हासिल गर्नु भएकोमा नगद रु ......................... सहित सधन्यवाद यो प्रमाण पत्र प्रदान गरिएको छ ।

## अनुसूची-२

### रनिङ सिल्ड बुझी लिएको भरपाई ढाँचा

परिच्छेद ५ नियम ५.१ झ सँग सम्बन्धित

भरपाई दादै जिरी माध्यमिक विद्यालयको ..... औं वार्षिकोत्सब तथा अभिभावक दिवसको अवसरमा आयोजित संस्थापक श्री लिलाबहादुर कार्की .........रनिङ सिल्ड दोलखा जिल्ला विद्यालयस्तरीय भलिबल प्रतियोगितामा श्री ....................... ..............................................विद्यालयले ............... स्थान हासिल गरी रनिङ सिल्ड प्राप्त गरेकाले उक्त सिल्ड बुझी लिई यो भरपाई गरी दिएँ ।

इति सम्बत २०...... साल मंसिर २५ गते रोज.......... शुभम्

बुझी लिनेको नाम थर :

दस्तखत

पद :

**अनुसूची-३**

**सहभागी विद्यार्थीले भर्नुपर्ने फारामको ढाँचा**

परिच्छेद ६ नियम ६.१ ग सँग सम्बन्धित

## प्रतियोगितामा सहभागी हुन खेलाडीले भर्नुपर्ने फाराम

हालसालै खिचीएको पासपोर्ट साइजको

१. सहभागीको विद्यार्थीको नामः.............................................................................

२. विद्यालयको नाम/ठेगानाः ...................................................................................

३. अध्ययनरत कक्षाः ..............................................

४. IEMIS नम्बर : ............................................................... (१६ अङ्क नै हुनुपर्ने)

५. जन्म मितिः ...................................................................

६. सहभागी हुने विद्यार्थीको हस्ताक्षरः ............................................

७. जन्ममिति र विवरणसहितको परिचय खुल्ने संलग्न कागजात : ..........................

*(जन्मदर्ता वा नेपाली नगरिकताको प्रमाणपत्र , विद्यार्थी परिचय पत्र वा रजिष्ट्रेशन भएको कागजात)*

उल्लिखित व्यहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने,

प्रधानाध्यापक

**अनुसूची-४**

**सहभागी विद्यालयले भर्नुपर्ने फारामको ढाँचा**

परिच्छेद ६ नियम ६.१ घ सँग सम्बन्धित

**<u>खेलाडी सहभागिता</u>**

| क.स. | विद्यार्थी IEMIS नं. | खेलाडीको नाम थर | कक्षा | पद | फोन नं. |
|---|---|---|---|---|---|
| १ | | | | क्याप्टेन | |
| २ | | | | खेलाडी | |
| ३ | | | | खेलाडी | |
| ४ | | | | खेलाडी | |
| ५ | | | | खेलाडी | |
| ६ | | | | खेलाडी | |
| ७ | | | | खेलाडी | |
| ८ | | | | खेलाडी | |
| ९ | | | | खेलाडी | |
| १० | खेल शिक्षकको नाम | | | खेल प्रशिक्षक | |
| ११ | टिम व्यवस्थापकको नाम | | | टिम व्यवस्थापक | |

**प्रधानाध्यापक**

*(सम्बन्धित विद्यालयको लेटर प्याडमा हुनुपर्ने)*